# प्रेस विज्ञप्ति

## एशियन हाइड्रोपावर लिमिटेडले स्थानीयवासी र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि निष्काशन गरेको आईपीओको बाँडफाँट सम्पन्न

मितिः २०७९/१०/११,

यस एशियन हाइड्रोपावर लिमिटेडले आयोजना प्रभावित स्थानीय वासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला गरेको साधारण शेयर (आईपीओ) को बाँडफाँट कार्य सम्पन्न भएको छ । मिति २०७९ माघ १० गते कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनएमबि क्यापिटल लिमिटेडको कार्यालयमा सो बाँडफाँट सम्बन्धी कार्यक्रम सम्पन्न भएको थियो ।

मिति २०७९ मंसिर २७ गते देखि पौष १९ गतेसम्म आवेदन दिन सकिने गरी आयोजना प्रभावित स्थानीय वासिन्दाहरुका लागि निष्काशन गरिएको आईपीओमा आयोजनाबाट अति प्रभावित समूहमा कुल १,३८१ योग्य आवेदनहरु प्राप्त भएका थिए जस अन्तर्गत १० देखि २५० कित्ता सम्मका लागि आवेदन दिएका १,२७० जनाले आवेदन दिए बमोजिम र ३०० देखि २,५०० कित्ता सम्मका लागि आवेदन दिएका १११ जनाले २८० कित्ता शेयर पाएका छन् भने ३०० देखि माथिका १११ जनामध्ये ३ जनाले गोलाप्रथा मार्फत थप १० कित्ता शेयर पाएका छन् । आयोजनाबाट प्रभावित समूह अन्तर्गत कुल ६,७५१ योग्य आवेदनहरु प्राप्त भएका थिए जस अन्तर्गत १० देखि ३० कित्तासम्मका लागि आवेदन दिने २,२८३ जनाले आवेदन दिए बमोजिम र ४० देखि ६,००० कित्तासम्म आवेदन दिने ४,३६८ जनाले ३० कित्ता शेयर पाएका छन् । ४० देखि माथिका ४,३६८ जनामध्ये २,२३६ जनाले गोलाप्रथा मार्फत थप १० कित्ता शेयर पाएका छन् ।

त्यसैगरी, मिति २०७९ मंसिर २७ गतेदेखि पौष १२ गतेसम्म आवेदन दिन सकिने गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि निष्काशन गरिएको आईपीओमा कुल ८,५९२ योग्य आवेदनहरु प्राप्त भएका थिए । यस समूह अन्तर्गत गोलाप्रथा मार्फत ८,४०० आवेदकहरुले १० कित्ता शेयर पाएका छन् । आईपीओ बाँडफाँटको नतिजा सम्बन्धी लिंक यस कम्पनीको वेबसाईट https://asianhydro.com.np/ मा उपलब्ध छ ।

पहिलो चरणमा आयोजना प्रभावित स्थानीय वासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि शेयर बाँडफाँट कार्य सम्पन्न गरिएकोमा यस कम्पनीले कर्मचारी तथा सर्वसाधारणका लागि आईपीओ निष्काशन तथा बिक्री खुल्ला गर्ने अन्तिम तयारी समेत गरिरहेको छ जसको जानकारी पुनः अर्को सूचना मार्फत गरिनेछ ।